नागरिक लगानी कोष

(ब्यवस्थापन) विनियमावली, २०४८

नागरिक लगानी कोष
पुतलीसडक, काठमाण्डौं
फोन २२८७५९

नागरिक लगानी कोष

(व्यवस्थापन) विनियमावली,२०४८

संशोधन	अर्थ मन्त्रालयबाट स्वीकृत मिति
प्रथम संशोधन " २०५१	२०५१।११।३
दोश्रो संशोधन " २०५२	२०५२।७।२१
तेश्रो संशोधन " २०५४	२०५४।७।१९
चौथो संशोधन " २०५८	२०५८।५।१३
पाँचौं संशोधन " २०६०	२०६०।५।३१
छैठौं संशोधन " २०६१	२०६१।६।११
सातौं संशोधन " २०६४	२०६४।३।१७

नागरिक लगानी कोष ऐन, २०४७ को दफा ५९ ले दिएको अधिकार प्रयोग गरी कोषले नेपाल सरकारको स्वीकृति लिई देहायका विनियमहरू बनाएको छ ।

परिच्छेद - १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१) यो विनियमहरूको नाम "**नागरिक लगानी कोष व्यवस्थापन विनियमावली, २०४८**" रहेको छ ।

२) यो विनियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा :

(क) "ऐन" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ सम्झनु पर्दछ ।

(ख) "विवरणपत्र" भन्नाले यस विनियमावली बमोजिम कोषले प्रकाशित गर्नुपर्ने विवरणपत्र सम्झनु पर्दछ ।

(ग) "किस्ता तलब" भन्नाले कोषले शेयरवालासंग शेयरवापतको किस्ता रकमको भुक्तानी माग गरेको सम्झनु पर्दछ ।

(घ) "दोश्रो बजार" भन्नाले कोषले एक पटक जारी गरेको एका"को कारोबार र तत्सम्बन्धी व्यवस्थालाई सम्झनु पर्दछ ।

(ङ) "प्रतिफल" भन्नाले लगानीकर्ता हिसाब योजना वा नागरिक एका" योजनाका सहभागीहरूलाई ऐनको दफा १९ उपदफा (१) र (४) मा उल्लेख भएअनुसार बांडिने प्रतिफललाई सम्झनु पर्दछ ।

(च) "समयकालिन कर्जा" भन्नाले कुनै संगठित संस्थालाई उत्पादन (सेवा समेत) क्षमताको सिर्जना गर्न वा विस्तार गर्न र आयमुलक कार्यको लागि साधारणतया एक वर्षभन्दा बढी अवधिका लागि कोषले प्रदान गर्ने कर्जालाई सम्झनु पर्दछ ।

♣(छ) संगठित संस्था भन्नाले प्रचलित कानून बमोजिम संगठित संस्थाको रूपमा स्थापना भएको बैंक, कम्पनी, उद्योग वा त्यस्तै अन्य सरकारी वा गैरसरकारी संस्था सम्झनु पर्दछ र संगठित संस्थाको रूपमा स्थापना भएको भन्नाले प्रचलित कानुन बमोजिम स्थापित भएको कम्पनी वा खुल्ला रूपमा धितोपत्र जारी गर्न पाउने संगठित संस्था सम्झनु पर्दछ ।

❖(ज) डिवेन्चर भन्नाले संगठित संस्थाले आफ्नो जायजेथा वा अन्य चल तथा अचल सम्पत्तिको धितोमा जारी गरेको ऋणपत्र सम्झनु पर्दछ ।

❖(झ) ट्रष्टी भन्नाले कुनै व्यक्ति वा संगठित संस्थाले आफनो वा र र तेश्रो पक्षको हितको संरक्षण गर्न नियुक्त वा मुकरर गरेको व्यक्ति वा संगठित संस्था सम्झनु पर्दछ ।

❖(ञ) डिवेन्चर ट्रष्टी भन्नाले कम्पनी वा संगठित संस्थाको डिवेन्चरमा लगानी गर्ने लगानीकर्ता र सम्बन्धित कम्पनी वा संगठित संस्थाको बीच रही डिवेन्चरवालाको हित संरक्षण गर्ने प्रयोजनको निमित्त सम्बन्धित कम्पनी वा संगठित संस्थाले नियुक्त वा मुकरर गरेको ट्रष्टी सम्झनु पर्दछ ।

≈(ट) "कार्यक्रम" भन्नाले यस विनियमावलीको विनियम १३ र १४ बमोजिम संचालन हुने वचत कार्यक्रमहरू, वचत योजनाहरू तथा अवकाश कोषहरू समेतलाई जनाउँछ ।

परिच्छेद" २

पूँजी तथा व्यवस्थापन

३. **शेयर निष्काशन गर्नु अघि सूचना प्रकाशित गर्ने** :

कोषको शेयर सर्वसाधारणमा बिक्रीको लागि निष्काशन गर्दा कम्तिमा २१ दिनको म्याद दिई नेपालको प्रमुख पत्र" पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

४. **विवरणपत्रमा खुलाउनु पर्ने कुराहरू** :

(१) कोषले आफ्नो शेयर वा डिवेञ्चर बिक्रीको लागि निष्काशन गर्नु अघि ऐनको दफा ६ बमोजिम विवरणपत्र प्रकाशित गर्नेछ ।

(२) उप" विनियम (१) बमोजिम प्रकाशित हुने विवरणपत्रमा देहायका कुराहरू खुलाउनु पर्नेछ :

(क) सञ्चालकहरूको नाम, थर र वतन ।

(ख) कर्मचारी वा अरू कसैको लागि शेयर सुरक्षित गर्ने प्रवन्ध भएमा सो कुरा ।

(ग) सार्वजनिक रूपमा बिक्री गरिने शेयर संख्या ।

♣ चौथो संशोधनद्वारा संशोधन गरिएको ।

❖ दोश्रो संशोधनद्वारा संशोधन गरिएको ।

≈ छैठौं संशोधनद्वारा संशोधन गरिएको ।

(घ) शेयर मूल्यमा प्रिमियम थप गरी बिक्री गरिने भएमा प्रिमियम थप गर्नुपर्ने कारण र औचित्य ।

(ङ) जनसाधारणमा वितरण गरिने शेयरका शेयरवालाहरूबाट समितिमा हुने सहभागिता सम्बन्धी व्यवस्था ।

(च) यतिसम्म शेयरको ग्राहक भएपछि शेयर बांडफांड गर्ने काम शुरू हुनेछ भन्ने कुरा ।

(छ) दरखास्त साथ प्रति शेयर पठाउनु पर्ने पेश्की रकम ।

(ज) डिवेञ्चर जारी गरी कर्जा लिनुपरेको भए त्यसको कारण, किस्ता वा चुक्ता भुक्तान भएको डिवेञ्चरको संख्या र जम्मा तिर्न बांकी कर्जा ।

(झ) शेयर वा डिवेञ्चर बिक्री भई आएको रकमबाट खरिद भएको जायजेथा सो जायजेथा बिक्री गर्नेको नाम, नगद रकमको स□ शेयर वा डिवेञ्चर लिने दिने व्यवस्था गरिएको भए सो कुरा ।

(ञ) शेयर वा डिवेञ्चर सम्बन्धी दलाली दर ।

(ट) कोषको कामको लागि चाहिने खर्च र त्यसबाट हुने आम्दानीको अनुमान ।

(ठ) कोषको वित्तीय व्यवस्था ।

(ड) लेखापरीक्षकको नाम, नामेसी र लेखापरीक्षण भएको भए सोको प्रतिवेदन ।

(ढ) शेयर वा डिवेञ्चर खरिद गर्नको लागि दरखास्त दिने अन्तिम म्याद ।

(ण) शेयर बांडफांडको सूचना प्रकाशित हुने समय ।

(त) कोषको वासलात र नाफा नोक्सानीको विवरण निरीक्षण गर्न पाइने समय र स्थान ।

(थ) शेयर प्रत्याभुती (अण्डरराईट) गरे बापतको दस्तुर ।

(द) धितोपत्र खरिद बिक्रीको व्यवस्था र

(ध) कोषको उद्धेश्य, काम कारवाही र अन्य आवश्यक कुराहरू ।

(३) विवरणपत्रमा लेखिएको कुनै कुराले ऐन तथा यस विनियमावली बमोजिमको कसैको अधिकार तथा दायित्वमा कुनै असर पर्ने छैन ।

(४) उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएका भएतापनि विवरण" पत्र प्रकाशित गर्नु अघि कोषले सो विवरणपत्र नेपाल सरकार समक्ष पेश गरी स्वीकृति प्राप्त गरेपछि मात्र प्रकाशित गर्नु पर्नेछ र त्यस्तो विवरण" पत्रको पहिलो पानामा नेपाल सरकारको स्वीकृति प्राप्त भएको व्यहोरा उल्लेख गरिएको हुनु पर्नेछ ।

५. शेयरको दरखास्त :

(१) कोषको शेयर खरिद गर्न चाहने व्यक्तिले अनुसूची" १ बमोजिमको ढांचामा दरखास्त दिनु वा पठाउनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम दरखास्त दिंदा वा पठाउंदा दरखास्तवालाले सो दरखास्त साथ आफूले लिने शेयरको मूल्य बापत कोषले तोके बमोजिमको पेश्की पठाउनु पर्नेछ । पेश्की रकम साथमा नपठाएको दरखास्त मान्य हुने छैन ।

(३) कसैले साझा गरी शेयर खरिद गर्ने भएमा दुई जना सम्मको नाममा साझा गरी शेयर खरिद गर्न सकिनेछ ।

६. <u>शेयरको बांडफांड</u> :

(१) शेयर खरिद गर्नको लागि दरखास्त दिने अन्तिम म्याद नाघेको ६ महिनाभित्र कोषले सकभर सबै दरखास्तवालाले शेयर पाउने गरी शेयरको बांडफांड गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम शेयरको बांडफांड भएपछि सोको सूचना दरखास्तवालालाई दिइनेछ र यस्तो सूचना नेपालको प्रमुख पत्र" पत्रिकामा समेत प्रकाशित गरिनेछ ।

(३) उपविनियम (१) बमोजिमको म्यादभित्र कोषले शेयरको बांडफांड गर्न नसकेमा विनियम ५ उपविनियम (२) बमोजिम प्राप्त रकम र सो रकम प्राप्त भएको मितिदेखि वार्षिक दश प्रतिशतका दरले सो रकमको व्याज समेत फिर्ता गर्नेछ ।

७. <u>शेयरको प्रमाणपत्र</u> :

(१) कोषको शेयर खरिद गर्न प्रत्येक शेयरवालालाई अनुसूची २ बमोजिमको ढांचामा शेयर प्रमाण" पत्र दिइनेछ ।

(२) उपविनियम (१) बमोजिम दिइने शेयर प्रमाण" पत्रमा कम्तीमा दुई जना सञ्चालकको सहीछाप परेको र कोषको छाप लागेको हुनु पर्नेछ ।

(३) दुई जना व्यक्तिले साझामा लिएको शेयरबापत उपविनियम (१) बमोजिम प्रमाणपत्र दिंदा त्यस्ता दुबै साझेदारहरूको नाम प्रमाणपत्रमा जनाई सोमध्ये कसैलाई दिन सकिनेछ ।

(४) शेयर प्रमाण" पत्र हराएमा वा नोक्सान भएमा शेयरवालाले सो हराएको वा नोक्सान भएको थाहा पाएका पैतीस दिनभित्र दरखास्त दस्तुर स्वरूप रू.२५।" (पच्चीस) समेत संलग्न गरी सो व्यहोराको दरखास्त कोषको केन्द्रीय कार्यालयमा दिनु पर्नेछ ।

(५) उपविनियम (४) बमोजिम कसैको दरखास्त पर्न आएमा दरखास्तवालालाई अर्को प्रमाण" पत्र दिंदा कसैलाई मर्का पर्ने वा बाधा बिरोध भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र उजुर गर्न आउनु भनी नेपालका प्रमुख पत्र" पत्रिकामा समेत प्रकाशित गरिनेछ ।

(६) उप विनियम (५) बमोजिमको सूचनाको म्यादभित्र कसैको उजुर पर्न नआएमा सो व्यहोरा जनाई कोषले शेयरवालालाई अर्को प्रमाण" पत्र दिनु पर्नेछ र सो कुरा शेयरवालाको दर्ता किताबमा समेत जनाई राख्नु पर्नेछ ।

(७) उप(विनियम (५) बमोजिमको सूचनाको म्यादभित्र कसैको उजुर पर्न आयो र त्यसमा हक बेहकमा निर्णय गर्नुपर्ने देखियो भने कोषले सम्बन्धित दरखास्तवाला र उजुरवालालाई अदालतबाट हक कायम गराई ल्याउनु भनी सूचना दिनु पर्नेछ र त्यस्तो अवस्थामा अदालतबाट अन्तिम निर्णय भएबमोजिम गर्नु पर्नेछ ।

८. <u>शेयर हस्तान्तरणको जनाउ दर्ता गर्ने</u> :

(१) ऐनको दफा १० बमोजिम कुनै शेयरवालाले शेयर धितोबन्धक दिएमा सो व्यहोरा कोषको श्रेस्तामा जनाउको निमित्त धितोबन्धक लिनेले अनुसूची ३ बमोजिमको फा.नं. १ को ढांचाको दरखास्त साथ फा.नं. २ ढांचाको लिखतको एक प्रति र विनियम ७ बमोजिमको शेयर प्रमाणपत्र समेत कोषको केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

(२) सो शेयर लिने व्यक्तिले देहाय अनुसारको कागजातहरू संलग्न गरी धितोपत्र कारोबार केन्द्रमार्फत् कोषको केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

क) खरिद बिक्री भई नामसारी दर्ता गर्नुपर्ने शेयरको लागि अनुसूची ४ को फा.नं.१ को ढांचाको दरखास्त साथ फा.नं.२ को ढांचाको एक प्रति र विनियम ७ बमोजिमको शेयर प्रमाणपत्र ।

ख) शेयरबापत कुनै रकम लेनदेन नगरी चन्दा, दान, अंशवण्डा जस्ता कुराहरूबाट शेयरको नामसारी दर्ता गर्नुपर्ने भएमा अनुसूची ४ को फा.नं.३ को ढांचाको दरखास्त र फा.नं.४ को ढांचाको लिखतको एक प्रति र विनियम ७ बमोजिमको शेयरको प्रमाणपत्र ।

ग) उपविनियम (ख) मा जेसुकै कुरा लेखिएको भएतापनि चन्दा, दान, अंश वण्डा सम्बन्धमा प्रचलित नेपाल कानुन बमोजिम रजिष्ट्रेशन पास भएको वा अधिकार प्राप्त अधिकारी वा अदालतले गरेको आदेश वा निर्णय बमोजिम शेयर नामसारी दर्ता गर्न सकिनेछ ।

•(३) उप" विनियम (१) वा (२) बमोजिम कसैको कुनै दरखास्त पर्न आएमा विनियम ९ बमोजिम शेयर हस्तान्तरणको जनाउ दर्ता गर्न इन्कार गरिएको अवस्थामा बाहेक धितोबन्धक लिए दिएकोमा कितावमा यस मितिमा फलानालाई यति रकममा यो शर्तमा धितोवन्धक परेको भन्नेसम्म जनाई राखी शेयरवालाले निखनेको जनाउ प्राप्त भएपछि सो धितोबन्धकको लगत काटी दिइने छ र हक छोडी लिए दिएकोमा सो लिखतको छोटकरी व्यहोरा समेत दर्साई सविकवालाको नाम खारेज गरी हालवालाको नाममा दाखिल दर्ता गरी दिइनेछ । सो हस्तान्तरण सम्बन्धमा कुनै विवाद उठेमा वा हक" बेहक सम्बन्धी उजुर परेमा अदालतबाट अन्तिम निर्णय भईं आएपछि सोही निर्णयबमोजिम गरिनेछ ।

(४) उप" विनियम (३) बमोजिम दाखिल खारेज गर्दा अनुसूची ५ बमोजिमको किताबमा दाखिल खारेज गरी समितिको अधिकृत प्रतिनिधि□रा प्रमाणित गरी राखिनेछ ।

(५) शेयर धितो बन्धक रहेको कुरा स्रेस्तामा जनाउन वा शेयर दाखिल खारेज गर्नको निमित्त दरखास्तवालाले कोषलाई •रू.५।" (पाँच) दस्तुर बुझाउनु पर्नेछ ।

९. <u>शेयर हस्तान्तरण जनाउ दर्ता गर्न अस्वीकार गर्न सकिने</u> :

(१) देहायको अवस्थामा कोषले शेयर, धितो बन्धक लिए दिएको कुरा स्रेस्तामा जनाउन वा हक छोडी दिएकोमा शेयरको दाखिला खारेज गरिदिन अस्वीकार गर्न सक्नेछ :

क) शेयरको मूल्यबापत माग गरिएको किस्ताको पुरा रकम भुक्तानी गरिएको नभएमा ।

• तेश्रो संशोधन□रा संशोधन गरिएको ।

ख) विनियम ८ बमोजिम कोषमा पठाउनुपर्ने लिखत तथा शेयर प्रमाणपत्र दरखास्त साथ पेश हुन नआएमा ।

ग) ऐन वा यस विनियम बमोजिम शेयर हस्तान्तरण गर्न कुनै बाधा भएमा वा

घ) विनियम ८ को उप" विनियम (५) बमोजिम कोषलाई बुझाउनु पर्ने दस्तुर दाखिला नगरेमा ।

(२) उप" विनियम (१) बमोजिम कोषले शेयर धितोबन्धक रहेको वा हक छोडीदिएको व्यहोरा श्रेस्तामा जनाउन वा दाखिल खारेज गरिदिन अस्वीकार गरेमा त्यसको सूचना शेयर लिने दिने दुबैलाई दिइनेछ ।

१०. <u>शेयर दाखिल खारेज हुने अन्य अवस्था</u> :

व्यक्तिगत नाममा शेयर लिने कुनै शेयरवाला मरी वा निजको जायजेथा साहुलाई दामासाही गराई वा अरू कुनै व्यहोराले प्रचलित कानुन बमोजिम शेयरमाथि कसैको हक हुनआएमा सो कुराको सवुद साथ सो शेयरमा हक प्राप्त गर्ने व्यक्तिले कोषमा दरखास्त दिएमा विनियम ८ र ९ को अधिनमा रही सो शेयर निजको नाममा दाखिल खारेज गरिनेछ ।

११. <u>शेयरवालाको नाम दर्ता गर्ने</u> :

(१) कोषको प्रत्येक शेयरवालाका सम्बन्धमा देहायका कुराहरू खुलाई अनुसूची ६ बमोजिमको ढांचाको दर्ता किताबमा शेयरको सिलसिलेवार नम्बरको क्रमानुसार शेयरवालाको नाम दर्ता गरी कोषको केन्द्रीय कार्यालयमा राखिनेछ ।

(क) शेयरवालाको तीन पुस्ते, नाम र ठेगाना,

(ख) शेयरवालाको रूपमा निजको नाम दर्ता भएको मिति,

(ग) निजले लिएको शेयरको प्रमाणपत्र क्रम संख्या,

(घ) निजले लिएको शेयरको जम्मा मूल्यमध्ये निजबाट असुल भएको रकम र

(ङ) शेयरवालाबाट निजको नाम खारेज भएको मिति ।

तर नेपाल सरकार वा कुनै संगठित संस्था शेयरवाला भएमा खण्ड (क) बमोजिम तीन पुस्ते नामको स□ अवस्था अनुसार नेपाल सरकार वा संगीठत संस्थाको नाम मात्र जनाइनेछ ।

(२) उपविनियम (१) बमोजिम राखिएको दर्ता किताब कोषको कुनै शेयरवालाले निरीक्षण गर्न चाहेमा निरीक्षण गर्न दिइनेछ ।

तर नेपालको प्रमुख पत्र(पत्रिकामा ७ दिन अगावै सूचना प्रकाशित गरी एक वर्षमा ४५ (पैतालीस) दिनमा नबढाई एकपटकमा बढीमा ७ दिनसम्म कोषले सो किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

(३) कसैले उप" विनियम (१) बमोजिमको दर्ता किताबको नक्कल लिन चाहेमा कोषले रू.५०।" (पचास) दस्तुर लिई नक्कल दिनेछ ।

१२. **शेयरको किस्ता तलव तथा भुक्तानी** :

(१) शेयरको किस्ता तलव गर्दा कोषले शेयरवालाले किस्ता बुझाउनुपर्ने समय र स्थान खोली ३० दिनको म्याद दिई प्रत्येक शेयरवालालाई लिखित सूचना पठाउनु पर्नेछ र सो कुराको सूचना नेपालका प्रमुख पत्र" पत्रिकामा समेत प्रकाशित गर्नु पर्नेछ ।

(२) शेयरवालाले शेयरको दरखास्तमा उल्लेख गरेको वा शेयरवालाको दर्ता किताबमा उल्लेखित ठेगानामा हुलाक□रा रजिष्ट्री गरी सूचना पठाइएमा उप" विनियम (१) को प्रयोजनको लागि सूचना पठाइएको मानिनेछ ।

(३) शेयर बापतको रकम किस्ता तलब गरिएको समयभित्र बुझाई चुक्ता गर्नु पर्नेछ ।

(४) कुनै शेयरवालाले शेयरबापत किस्ता तलब गरिएको रकम चुक्ता गर्नुपर्ने म्यादभित्र चुक्ता भुक्तान गर्न नसकि सो म्याद नाघेको मितिले १५ दिनसम्ममा बुझाउन ल्याएमा बार्षिक ५% का दरले व्याज समेत लगाई बुझी लिइनेछ र सो म्यादभित्र पनि बुझाउन नल्याएमा निजको शेयर जफत हुने कुरा स्पष्ट खोली तीन महिनाको म्याद तोकी सम्बन्धित शेयरवालालाई सूचना दिइनेछ र त्यस्तो सूचना प्रमुख पत्र" पत्रिकामा समेत प्रकाशित गरिनेछ । सो बमोजिमको सूचनाको म्यादभित्र किस्ता तलब गरिएको रकम बुझाउन ल्याएमा वार्षिक १०% का दरले ब्याज समेत लगाई बुझी लिइनेछ र सो म्यादभित्र पनि किस्ता नबुझाएमा जुन शेयरको सम्बन्धमा सो सूचना दिइएको हो सो शेयर जफत हुनेछ ।

तर सो शेयरवालाले किस्ता बुझाउन नसकेको कुनै मनासिब कारण देखाई सो म्याद नाघेको तीन महिनाभित्र दरखास्त दिएमा समितिले सो शेयरबापत भुक्तानी भएजति रकमको चुक्ता किस्ताको शेयरको रूपमा कायम राख्न सक्नेछ ।

(५) उप" विनियम (४) बमोजिम शेयर जफत गरिएमा त्यस्तो शेयर समितिले तोकेबमोजिम बिक्री गर्न वा अरू कुनै प्रकारले दिन वा खारेज गर्न सक्नेछ ।

परिच्छेद– ३

नागरिक लगानीकर्ता हिसाव योजना र नागरिक एकांक योजना

१३. **लगानीकर्ता हिसाव योजनाको संचालन :**

(१) कोषले अनिवार्य तथा ऐच्छिक गरी दुई किसिमका लगानीकर्ता हिसाब योजना संचालन गर्नेछ ।

(२) ऐनको दफा १७ बमोजिम अनिवार्य रूपमा क□ भई कोषमा दाखिल भएको रकम अनिवार्य लगानीकर्ता हिसाब योजनामा जम्मा गरिनेछ ।

(३) कोषले ऐच्छिक लगानीकर्ता हिसाब योजना संचालन गर्दा निश्चित किसिम तोकी वा नतोकी संचालन गर्न सक्नेछ ।

(४) उप– विनियम (३) बमोजिम संचालित ऐच्छिक लगानीकर्ता हिसाव योजनाको सञ्चालन, लागनीकर्ताहरूले कोषमा रकम जम्मा गर्ने तरिका, त्यसमा दिइने प्रतिफल र सो योजना अन्तर्गत प्राप्त रकममा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था सो योजना संचालन गर्दा कोषले निर्धारण गरेको शर्त बमोजिम हुनेछ ।

१४. **नागरिक एका□ योजनाको संचालन :**

(१) सामान्यतया कोषले देहाय बमोजिम दुई किसिमका नागरिक एका□ तथा समुहगत वचत परियोजना संचालन गर्न सक्नेछ :

(क) निश्चित अवधिको लागि मात्र बिक्री खुल्ला रहने (क्लोज एण्डेड) र

(ख) सधैं बिक्री खुल्ला रहने (ओपन एण्डेड)

(२) विनियम (१) को खण्ड (क) बमोजिम संचालित योजना कुनै खास निश्चित अवधिको लागि मात्र बिक्री खुल्ला रहनेछ । यस योजना अन्तर्गत प्राप्त प्रमाण– पत्र दोश्रो बजारमा मात्र बिक्री गर्न सकिनेछ र यस्ता एका□ योजना सम्बन्धी हिसाबको विवरण कोषले प्रत्येक ६ महिनामा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नेछ ।

✡(३) उपनियम (१) खण्ड (ख) बमोजिम संचालित नागरिक एकांक तथा समूहगत वचत योजना अन्तर्गतका एकांकको निष्काशन तथा खरिद बिक्री देहायबमोजिम हुनेछ :

(क) यस उप– विनियम बमोजिम निष्काशित एकांकहरूको खरिद बिक्री सामान्यत सधैं खुल्ला रहनेछ । तर कुनै निश्चित रकम बराबरको एका□को प्रारम्भिक निष्काशन भैसकेपछि कोषले थप एका□ निष्काशन नगर्न सक्नेछ ।

(ख) यस उप– विनियम बमोजिम प्रारम्भिक निष्काशन भएका एका□हरूको खरिद बिक्री सधैं खुल्ला रहनेछ । तर कोषले एका□ वा समुहगत वचत प्रमाणपत्र वितरण भएको एक वर्षसम्म त्यस्तो एका□ वा समूहगत वचत योजनाको खरिद बिक्री नगर्ने गरी तोक्न सक्नेछ ।

(ग) लगानीकर्ताले एकांक खरिद गर्न चाहेमा वा आफूले लिएको एकांक बिक्री गर्न चाहेमा कोष वा कोषले तोकिएको कुनै एकांक खरिद बिक्री केन्द्र वा कोषले

✡ पहिलो संशोधन□रा संशोधन गरिएको ।

दोश्रो बजारमार्फत् एकांकको खरिद बिक्री गर्ने व्यवस्था गरेकोमा त्यस्तो दोश्रो बजारमार्फत् एकांकको खरिद बिक्री गर्न सकिनेछ ।

(घ) कोषले कुनै कारणबाट एकांकको खरिद बिक्री बन्द गर्नुपर्ने भएमा त्यसरी खरिद बिक्री बन्द हुने अवधि समेत तोकी सार्वजनिक सूचना प्रकाशित गरी एकांकको खरिद बिक्री वन्द गर्न सकिनेछ ।
तर एक पटकमा ३० दिनभन्दा बढी अवधिको लागि खरिद बिक्री बन्द गरिने छैन ।

✡(४) उप" विनियम (३) बमोजिम एकांकको खरिद बिक्री गर्ने प्रयोजनको निमित्त कोषले समय" समयमा एकांकको मूल्य निर्धारण गर्नेछ र त्यस्तो निर्धारित मूल्यको सूचना सार्वजनिक जानकारीको निमित्त प्रकाशित गरिनेछ । कोषले मूल्य निर्धारण गर्दा सम्बन्धित एका□ वा समुहगत वचत योजनाको खुद सम्पत्तिको आधारमा गर्नेछ र सम्पत्तिको मूल्य निर्धारण गर्दा देहायका कुरा समेत आधार लिई मूल्य निर्धारण गर्नेछ :

(क) सम्बन्धित एकांक योजना वा समुहगत वचत अन्तरगत प्राप्त पूंजी वा वचत परिचालनबाट प्राप्त भएको वा हुने भएको व्याज वा मुनाफा ।

(ख) सम्बन्धित एकांक वा समुहगत वचत योजनाबाट प्राप्त सम्पत्तिको मूल्य अधिवृद्धि र ह्रास क□ ।

(ग) सम्बन्धित एकांक वा समुहगत वचत योजनाबाट प्राप्त पुंजी वा वचतको लगानीको सम्भावित जोखिम वा नोक्सानी ।

(५) उप विनियम (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि एका□मा दिईने मुनाफाको हिसाब गर्दा एका□को अंकित मूल्यबाट गरिनेछ ।

(६) नावालकको नाममा रहेको एका□ बाहेक अन्य एका□ कुनै पनि व्यक्तिको नाममा इच्छ्याउन सकिनेछ ।

(७) एका□ प्रमाण" पत्र धितो राखी कुनै बैंक वा वित्तीय संस्थानबाट □ण लिन सकिनेछ ।

(८) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कोषले ऐन तथा यस विनियमावलीको अधिनमा रही एउटै वा छु□" छुै□ नामबाट कर्मचारी तथा कामदार वचत बृद्धि कार्यक्रम, केटाकेटी उपहार (गिफ्ट) कार्यक्रम र बृद्धावस्था आय निरन्तरता कार्यक्रम ♣र उपदान तथा पेन्सन आदि जस्ता विभिन्न ♠अवकाश कोष तथा कार्यक्रमहरू समेत संचालन गर्न सक्नेछ ।

(९) विनियम (८) बमोजिम संचालित कार्यक्रमको व्यवस्थापन, सो कार्यक्रममा रकम जम्मा गर्ने तरिका, आर्जित मुनाफाको बांडफांड तथा रकमको भुक्तानी सम्बन्धित व्यवस्था सो कार्यक्रम संचालन गर्दा कोषले निर्धारण गरेको शर्त बमोजिम हुनेछ ।

✡ पहिलो संशोधन□रा संशोधन गरिएको ।
♣ चौथो संशोधन□रा संशोधन गरिएको ।
♠ पाँचौं संशोधन□रा संशोधन गरिएको ।

१५. **लगानीकर्ता हिसाव योजनामा दिइने प्रतिफल तथा रकम भुक्तानी :**

(१) ऐनको दफा १७ बमोजिम नेपाल सरकारको आदेश बमोजिम अनिवार्य रूपमा लगानीकर्ता हिसाव योजनामा प्राप्त भएको रकम त्यस्तो आदेशमा निश्चित अवधि तोकिएको भएमा सो अवधिपछि मात्र भुक्तानी दिइनेछ ।

(२) उप विनियम, (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले ऐनको दफा १७ बमोजिम आदेश दिंदा निश्चित समयावधि नतोकेमा वा तोकिएको अवस्थामा पनि कुनै कर्मचारी आफू कार्यरत निकाय वा संस्थामा नरहेमा वा संस्था नै खारेज वा विघटन भएमा वा कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको नाममा जम्मा भएको रकम र सो मितिसम्म निजले पाउनुपर्ने प्रतिफल निजलाई वा निजको मृत्यु भएमा निजले ईच्छाएको व्यक्ति र सो नभएमा निजको हकदारलाई दिइने छ ।

(३) ऐनको दफा १७ बमोजिम अनिवार्य रूपमा क□ भई कोषमा दाखिल भएको रकम वाहेक लगानीकर्ता हिसाव योजना अन्तर्गत कोषमा जम्मा भएको रकममा दिइने प्रतिफल तथा रकमको फिर्ता भुक्तानी सो योजना संचालन गर्दा कोषले निर्धारण गरेको र्शत बमोजिम हुनेछ ।

✡(४) ऐन बमोजिम संचालित लगानीकर्ता हिसाव योजना वा नागरिक एकांक योजनामा प्राप्त रकममा प्रतिफल बांड्दा देहाय बमोजिमका खर्चहरू र जोखिम जगेडा कोषको लागि रकम छुट्याई मात्र लगानीकर्तालाई समानुपातिक हिसाबबाट प्रतिफल बांडिनेछ ।

(क) लगानीकर्ता हिसाब योजना वा नागरिक एकांक योजनाको शुरू निष्काशन गर्दाको निष्काशन एवं बिक्री प्रवन्ध खर्च ।

(ख) लगानीकर्ता हिसाब वा नागरिक एकांक व्यवस्थापन खर्च ।

(ग) लगानीकर्ता हिसाब वा नागरिक एकांक संचालन खर्च ।

(घ) ऐनको दफा ४० बमोजिम जोखिम लगानी जगेडा कोष ।

♦(४क) उपविनियम ४ को खण्ड (क) बमोजिम निष्काशन तथा बिक्री प्रवन्ध गर्न लागेको प्रशासकीय खर्च, बिक्री व्यवस्थापन बापतको कमिशन, एकांक दर्ता, बैंक कमिशन समेतमा लागेको खर्च एकांकबाट संकलित रकमको ३ प्रतिशत भन्दा बढी हुने छैन र त्यस्तो खर्च पूंजीकृत गरी ५ वर्ष सम्ममा दामासाहीको हिसाबबाट अपलेखन गर्न सकिनेछ ।

♦(४ख) उप" विनियम ४ को खण्ड (ख) बमोजिमको व्यवस्थापन खर्चबापत कोषले सम्बन्धित एकांकको कुल खुद सम्पत्तिको १.५ (एक दशमलव पांच) प्रतिशतले हुने रकम वार्षिक रूपमा क□ गरी लिनेछ र त्यस्तो रकम हिसाब गर्दा सो योजनासंग सम्बन्धित सम्पत्तिको पुन: मूल्याकंन भएकोमा सोही आधारमा हिसाब गरिनेछ ।

♦(४ग) उप" विनियम (४) को खण्ड (ग) बमोजिम संचालन खर्च क□ गर्दा सम्बन्धित एकांक योजना संचालन गर्न लागेको प्रत्यक्ष र वास्तविक खर्च मात्र क□ गरिनेछ र त्यसरी

✡ पहिलो संशोधन□रा संशोधन गरिएको ।

♦ पहिलो संशोधन□रा थप गरिएको ।

क□ गरिने रकम सम्बन्धित एकांक योजनाको कुल आयको १० प्रतिशत भन्दा बढी हुने छैन ।

(५) उप" विनियम (४) बमोजिम जोखिम लगानी जगेडा कोष र प्रतिफल समिकरण कोषको लागि छु□ई बांकी रहन आएको रकमलाई सम्बन्धित योजनाको म्याद ब्यतित भई फिर्ता भुक्तानी गरिएको अवस्थामा वा कोषले उचित ठानेको अवस्थामा सम्बन्धित योजनाको कायम रहेको एका□वाला वा लगानीकर्ता हिसाबवालालाई समानुपातिक हिसाबले वितरण गरिनेछ ।

१६. <u>कोषले लगानी गर्ने वा कर्जा दिन सक्ने</u> :

(१) कोषले आफ्नो पुंजी, लगानीकर्ता हिसाब योजना तथा नागरिक एका□ योजना अन्तर्गत प्राप्त भएको रकमको लगानी गर्दा त्यस्तो लगानीको सुरक्षा, तरलता तथा लगानीबाट प्राप्त हुने प्रतिफल र आवश्यक भएमा प्राविधिक समितिको सिफारिस लिई गर्न सक्नेछ ।

(२) उप" विनियम (१) बमोजिम कोषले कुनै संगठित संस्थामा लगानी गर्ने भएमा वा र र प्रत्याभुति (अण्डरराइटि□) र ब्रिजफाइनान्सि□ (सापटी) दिने भएमा सो संगठित संस्थाको चुक्ता पुंजीको पन्ध्र प्रतिशत वा कोष□रा संचालित योजनामा जम्मा भएको रकमको दश प्रतिशतमा नबढने गरी कोषमा जम्मा भएको कुल रकमको दश प्रतिशत, जुन घटी हुन्छ, सो मा नबढने गरी लगानी गर्न सक्नेछ ।

≈(३) कुनै संगठित संस्थालाई कोषले आफैले वा अरू बैंक तथा वित्तीय संस्थाहरूसंग मिली समयकालीन कर्जा उपलव्ध गराउने भएमा □णी संगठित संस्था वा नेपाल सरकारको स्वामित्वमा भएको संस्थाको कुल स्थिर जेथाको ५०% वा कोष□रा संचालित प्रत्येक योजनामा जम्मा भएको रकमको २०% जुन घटी हुन्छ, सो मा नबढने गरी मात्र उपलव्ध गराउन सक्नेछ ।

<u>नोटः</u> स्थीर ज्यथा भन्नाले लगानी गरिने संगठित संस्थाको हाल विद्यमान स्थीर सम्पत्ति र लगानी रकमबाट श्रृजना हुने स्थीर सम्पत्ति समेत समावेश हुनेछ । मूल्य कायम गर्दा मूल्या□नकर्ताबाट कायम हुन आएको लगानी गर्दाको वखतको मूल्यलाई कायम गरिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम कोषले कुनै संगठित संस्थालाई सुविधा प्रदान गर्ने भएमा त्यसरी लगानी अण्डरराइटि□, ब्रिज फाइनान्सि□ तथा समयकालीन कर्जा समेत गरी कोषमा जम्मा भएको रकममो बीस प्रतिशतमा नबढ्ने गरी मात्र कर्जा दिन सक्नेछ ।

#(क) यी नियमहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारको निर्णय अनुसार कुनै संगठित संस्थालाई "नेपाल सरकारको पहलमा उपलब्ध गराएको □णको सम्बन्धमा" उक्त संस्थाले □णको साँवा तथा ब्याज रकम तिर्न नसकेमा वा नतिरेमा भुक्तानी दिलाउन सरकारले पहल गरिदिने आधारमा कोषले □ण लगानी गरेमा माथिका लगानी सम्बन्धी कुनै पनि बन्देज तथा सीमाहरू लागु हुने छैनन् ।

≈ छैठौं संशोधन□रा संशोधन गरिएको ।
सातौं संशोधन□रा संशोधन गरिएको ।

♣(५) नेपाल सरकारको धितोपत्र वा संगठित संस्थाले जारी गरेको सुरक्षित □णपत्र र डिवेञ्चर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त मुद्रा बजारसम्बन्धी वित्त पत्र वा सो सम्बन्धी कागजात वा बैंक ♣तथा वित्तीय संस्था (कम्पनी) मा निक्षेपमा आवश्यकता अनुसार लगानी गर्न वा सापटी दिन यस विनियमले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

♠(५क) ऐनको दफा ३२ को खण्ड (ख) बमोजिम कोषमा स्वेच्छिक वा अनिवार्य लगानीकर्ता हिसाब योजनामा लगानी गरिरहेका लगानीकर्ता सहभागीहरूको हित र सुविधा समेत विचार गरी कोषले देहायको कामका लागि लगानीकर्ता सहभागीहरूलाई □ण वा सापटी उपलब्ध गराउन सक्नेछ ।

(क) जग्गा खरिद तथा आवास कर्जा (सापटी)
(ख) शैक्षिक कर्जा (सापटी)
(ग) परिवहन खरिद कर्जा (सापटी)

♠(५ख) उपविनियम ५(क) बमोजिम सापटी उपलब्ध गराउने प्रकृया ब्याज तथा अन्य शर्त तथा व्यवस्थाहरू समय समयमा संचालक समितिले तोके बमोजिम हुनेछ ।

(६) कोषले बिभिन्न धितोपत्रमा गरेको लगानी वा प्रदान गरेको कर्जाको मूल्या□न समितिले बेला“ बेलामा बनाएको कार्यविधि अनुसार गर्नेछ ।

(७) उपविनियम (६) बमोजिम मूल्या□न गर्दा सम्बन्धित योजना अन्तर्गतको पुंजी लगानी भएको सवै धितोपत्रहरूको मूल्यमा भएको फरकलाई लगानीकर्ता हिसाब योजना र नागरिक एका□ योजनामा दिइने प्रतिफलको प्रयोजनको लागि गणना गरिनेछ ।

१७. <u>योजनाहरूको लेखा</u> :

(१) कोषले संचालन गरेको प्रत्येक लगानीकर्ता हिसाब योजना र एका□ योजनाहरूको आय“ व्यय छु□छुै□ देखिने गरी लेखा राख्नु पर्नेछ ।

(२) ऐनको दफा १७ बमोजिम नेपाल सरकारको आदेश बमोजिम अनिवार्य रूपमा लगानीकर्ता हिसाब योजनामा प्राप्त भएको रकम र उपलव्ध पुंजीको लगानी र आय व्ययको हिसाब लेखापरीक्षण गराई नेपाल सरकार समक्ष छुै□ पेश गर्नेछ ।

(३) उप“ विनियम (२) बमोजिम अनिवार्य वचत योजनाको आय“ व्ययका हिसाव तयार गर्दा आयभन्दा व्यय बढी हुनगएमा न्युन भएको रकम सम्बन्धित योजनाको भुक्तानी म्याद व्यतित भएपछि नेपाल सरकारबाट माग गरी सोधभर्ना लिइनेछ ।

♣ चौथो संशोधन□रा संशोधन गरिएको ।
♠ पाँचौं संशोधन□रा संशोधन गरिएको ।

१८. एका□ प्रमाणपत्र :

(१) एका□वालालाई समितिको एका□को किसिम अनुसार समितिले तोकेको ढांचामा एका□ प्रमाणपत्र दिइनेछ ।

(२) एका□वालाले एका□ प्रमाणपत्र विनियम वा हस्तान्तरण गरेमा सोको सूचना कोषलाई दिनु पर्नेछ ।

(३) एका□वाला मरी वा अन्य कुनै कारणले एका□ प्रमाणपत्रमा कसैको हक हुन आएमा सो को सवुद प्रमाण सहित कोषमा दरखास्त दिनु पर्नेछ ।

(४) उप“ विनियम (३) बमोजिमको दरखास्त पर्न आएमा समितिले बेला“ बेलामा बनाएको व्यवस्था अनुसार दरखास्तवालाको नाममा नामसारी वा दाखिल खारेज गरिदिनेछ ।

१९. कोषको विशेषाधिकार :

विनियम १३, १४, १५ र १६ मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले, लगानीकर्ता हिसाव योजना र नागरिक एका□ योजनामा रकम प्राप्त गर्ने तथा त्यसरी प्राप्त रकमलाई दक्ष लगानी सेवा उपलव्ध गराई व्यवस्थित गर्न, ऐन र यस विनियमावलीमा प्रतिकुल असर नपर्ने गरी नागरिक लगानीकर्ता हिसाब योजना र नागरिक एका□ योजना संचालन कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

⌘परिच्छेद - ३ क
कोषले ट्रष्टीको रूपमा काम गर्ने

♣१९क. कोषले द्रष्टिको रूपमा काम गर्न सक्ने :

♣(१) ऐनको दफा ३२ को खण्ड (द) बमोजिम कोषले वचनवद्धताको करार वा संझौता गरी संगठित संस्थाले निश्काशन गर्ने तथा गरेको धितोपत्र वा अन्य कारोबारको निमित्त ट्रष्टीको रूपमा काम गर्न सक्नेछ ।

♣(२) उप-विनियम (१) वमोजिम ट्रष्टीको सेवा र शर्तहरू संगठित संस्था र कोष वीच भएको ट्रष्टडिड अनुसार हुनेछ ।

♣(३) कोषले प्रदान गर्ने ट्रष्टी सम्बन्धी प्रकृयाहरू र कोषका सेवा शर्तहरू कोषले निर्धारण गरे अनुसार हुनेछ ।

१९क.१ कोषले डिवेञ्चर द्रष्टीको काम गर्न सक्ने :

♣(१) ऐनको दफा ३२(क) (१) बमोजिम कुनै संगठित संस्थाले निष्काशन गरेको वा गर्न लागेको डिवेञ्चरको सम्बन्धमा कोषले ट्रष्टीको कार्य गर्न सक्नेछ ।

❖१९ख. संझौता वा करार गर्ने:

(१) कोषले कुनै पव्लिक लिमिटेड कम्पनी वा संगठित संस्थाले जारी गर्ने डिवेन्चरका सम्वन्धमा डिवेन्चरवालाहरूको हित संरक्षण गर्न डिवेन्चर जारी गर्ने कम्पनी वा संगठित संस्था तथा डिवेन्चरवालाहरूबीच डिवेन्चर ट्रष्टीको रूपमा काम गर्ने भएमा सम्वन्धित कम्पनी वा संगठित संस्था संग संझौता वा करार गर्नु पर्नेछ ।

(२) उप-विनियम (१) वमोजिम सझौता वा करार गर्दा कोषले आवश्यक शर्तहरू तोक्न सक्नेछ र त्यस्तो शर्त पालन गर्न सम्वन्धित कम्पनी वा संगठित संस्था र डिवेन्चरवालाहरूको समेत कर्तव्य हुनेछ ।

(३) उप-विनियम (१) बमोजिम सम्झौता गर्दा त्यस्तो संझौतामा देहायका कुराहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

(क) कम्पनी वा संगठीत संस्थाको सम्पत्ति मूल्यांकन, परियोजना विश्लेषण वा व्यवस्थापन विश्लेषण गर्न गराउन सक्ने सम्वन्धी कुराहरू ।

(ख) डिवेन्चरवालाले खरिद गरेको डिवेन्चरको सांवा र व्याज भुक्तानी गर्ने समय, व्याज दर, सांवा व्याज भुक्तानी गर्ने प्रकृया र डिवेन्चरलाई शेयरमा परिणत गर्ने व्यवस्था भए तत्समवन्धी कुराहरू ।

(ग) सम्वन्धित कम्पनी वा संगठित संस्थाको जाय जेथामा अरू साहुको हक र भविष्यमा उत्पन्न हुने दायित्वका सम्वन्धमा भएको व्यवस्था सम्वन्धी कुराहरू ।

⌘ दोश्रो संशोधन□रा परिच्छेद नै थप गरिएको ।

♣ चौथो संशोधन□रा संशोधन गरिएको ।

❖ दोश्रो संशोधन□रा संशोधन गरिएको ।

(घ) सम्झौतामा लेखिएका शर्तहरू उल्लंघन गरेमा वा पुरा नगरेमा वा अन्य मनासिव कारणले सम्वन्धित कम्पनी वा संगठीत संस्थाको आर्थिक कारोबार नियन्त्रणमा लिनु पर्ने भएमा वा सम्झौता बमोजिमको धितो कब्जामा लिनु पर्ने मनासिव कारण देखिएमा कोषले त्यस्तो कम्पनी वा संगठित संस्थाको जायज्येथा वा सम्पत्ति वा कोषले धितो जमानतमा लिएको सम्पत्ति आफनो कब्जामा लिनसक्ने र त्यसरी कब्जामा लिएको सम्पत्ति वा जायज्येथा आफैले राख्न वा लिलाम बढाबढ वा वोलपत्रव्दारा वा अन्य उपयुक्त तरीकाले विक्रि गर्न सक्ने कुराहरू ।

(ङ) कोषको सेवा शुल्क तथा अन्य प्रत्यक्ष खर्चहरू सम्वन्धित कम्पनी वा संगठीत संस्थाले कोषलाई भुक्तान गर्ने प्रकृया सम्वन्धी कुराहरू ।

(च) डिवेन्चरवाला र कम्पनी वा संगठित संस्था बीचको अन्तरसम्बन्ध सम्बन्धी कुराहरू ।

(छ) डिवेञ्चर ट्रष्टीको हैसियतले कार्य गर्दा डिवेन्चरवाला वा कम्पनीलाई कुनै हानी नोक्सानी वा घाटा भएमा कोष जिम्मेवारी नहुने सम्बन्धी कुराहरू

(ज) कम्पनी वा संगठित संस्था विघटन गर्नुपर्ने अवस्था उत्पन्न भएमा कोषले डिवेञ्चरवालाको तर्फवाट गर्न सक्ने कारवाही र डिवेन्चरवालाको अधिकार प्रयोग गर्न सक्ने कुराहरू

(झ) डिवेञ्चरवालाको हित रक्षाको लागि अन्य आवश्यक शर्त सम्बन्धी कुराहरू।

(४) कोषले ट्रष्टीको रूपमा काम गर्दा डिवेञ्चरवालाको हित संरक्षणको निमित्त सम्वन्धित कम्पनी वा संगठित संस्थाको जायजेथा सुरक्षण स्वरूप लिन र त्यस्तो सुरक्षण प्रचलित कानुन वमोजिम आफनो नाममा पारित गराई राख्न समेत सक्नेछ ।

(५) उप-विनियम (४) वमोजिम सुरक्षण लिनुअघि कोषले आवश्यक ठानेमा सुरक्षणमा लिइने सम्पत्ति तथा जायज्येथाको मूल्यांकन (Valuation) तथा सम्वन्धित कम्पनी वा संगठित संस्थाको परियोजना विश्लेषण (Project Appraisal) वा व्यवस्थापन विश्लेषण (Management Audit) समेत गर्न गराउन सक्नेछ ।

(६) यस विनियमावली वमोजिम कोषले ट्रष्टीको रूपमा काम गर्नेगरी संझौता भैसकेपछि सम्वन्धित संगठित संस्था वा कम्पनीले थप □ण लिने वा डिवेञ्चर जारी गर्ने भएमा कोषको स्विकृत लिनु पर्नेछ ।

❖१९ग. **संचालक समितिमा प्रतिनिधित्व गर्ने:**

(१) विनियम १९क बमोजिम कोषले कुने पव्लिक लिमिटेड कम्पनी वा संगठित संस्थाको लागि डिवेञ्चर ट्रष्टीको रूपमा काम गर्दा त्यस्तो डिवेञ्चरको सांवा व्याज रकम शर्तअनुसार भुक्तानी नगरेको अवस्थामा त्यस्तो रकम फिर्ता भुक्तानी नभएसम्म संवन्धित कम्पनी वा संगठित संस्थाको संचालक समितिमा कोषले आवश्यक ठानेमा एकजना प्रतिनिधि मनोनयन गर्न सकिनेछ ।

(२) उप-विनियम (१) बमोजिम मनोनित प्रतिनिधिले सम्वन्धित कम्पनी वा संगठित संस्थाको संचालक समितिको वैठकमा भाग लिन पाउनेछ र संचालक समितिमा डिवेञ्चरवालाहरूको हित विपरित कुने निर्णय भएमा कोषलाई सूचना गर्नेछ ।

❖ दोश्रो संशोधन□रा संशोधन गरिएको ।

१९घ. कोषले जांचवुझ गर्न तथा विवरण माग गर्न सक्ने:

कोषले डिवेञ्चर ट्रष्टीको रूपमा काम गर्ने गरी सम्झौता गर्नुअघि देहायका विषयमा आवश्यक जांचवुझ गर्न र विवरण, सूचना वा जानकारी लिन वा माग गर्न सक्नेछ :

(क) संवन्धित कम्पनीको वा संगठित संस्थाको प्रवन्धपत्र वा नियमावलीमा डिवेञ्चर जारी गर्न सक्ने व्यवस्था छ छैन र त्यस्तो व्यवस्था भएमा त्यसरी डिवेञ्चर जारी गर्ने निर्णय गर्न सक्ने अधिकार संचालक समितिलाई छ छैन

(ख) संम्वन्धित कम्पनी वा संगठित संस्थाको प्रवन्धपत्र वा नियमावली बमोजिम डिवेञ्चर जारी गर्दा ट्रष्टीमार्फत् गर्न सक्ने व्यवस्था छ छैन,

(ग) सम्वन्धित कम्पनी वा संगठित संस्थाको जायजेथाले जारी गरिएको डिवेञ्चरको मूल्य खाम्न सक्ने स्थिति छ छैन,

(घ) सम्वन्धित कम्पनी वा संगठित संस्थाका अन्य साहु तथा दायित्वहरू,

(ङ) कोषले उपयुक्त ठानेका अन्य विषयहरू ।

१९ङ कोषलाई आवधिक विवरण दिनुपर्ने :

(१) कोषले यस विनियमावली वमोजिम डिवेन्चर ट्रष्टीको रूपमा काम गर्ने गरी संझौता भएपछि सम्वन्धित कम्पनी वा संगठित संस्थाले ६। ६ महिनाको आर्थिक कारोवार (ट्रायल व्यालेन्स) सम्वन्धित विवरण आर्थिक कारोबार सम्बन्धी विवरण कोषलाई पठाउनु पर्नेछ ।

(२) डिवेञ्चर जारी गरी सकेपछि संवन्धित कम्पनी वा संगठित संस्थाको व्यवस्थापनमा परिवर्तन भएमा वा स्वामित्वमा कुनै किसिमको परिवर्तन भएमा त्यसरी परिवर्तन भएको सात दिनभित्र कोषमा जानकारी दिनु पर्नेछ ।

(३) सम्वन्धित कम्पनी वा संगठित संस्थाले पठाएको विवरणको अतिरिक्त कुनै विषयमा थप विवरण, जानकारी सूचना वा तथ्या□को आवश्यक परेमा कोषले त्यस्तो विवरण, जानकारी, सूचना वा तथ्या□को माग गर्न सक्नेछ र त्यसरी माग गरेको विवरण जानकारी, सूचना वा तथ्या□ उपलव्ध गराउनु सम्वन्धित कम्पनी वा संगठित संस्थाको कर्तव्य हुनेछ ।

१९च. कोषको विशेष अधिकार :

(१) सम्वन्धित कम्पनी वा संगठित संस्थाले ट्रष्टिको रूपमा काम गर्ने ट्रष्टी सम्बन्धी सम्झौतामा उल्लेखित कुनै शर्त उलंघन गरेमा कोषले सम्वन्धित कम्पनी वा संगठित संस्थालाई शर्त पुरा गर्न वा निश्चित म्याद तोकी डिवेञ्चरवालाको सांवा व्याज फिर्ता गर्न आदेश दिन सक्नेछ ।

(२) उप-विनियम (१) वमोजिम दिइएको आदेश उलंघन गरेको कारणवाट वा अन्य मनासिव कारणले सम्वन्धित कम्पनी वा संगठित संस्थाको आर्थिक कारोबार नियन्त्रणमा लिनुपर्ने वा संझौता वमोजिमको धितो कव्जामा लिनुपर्ने मनासिव देखिएमा कोषले त्यस्तो कम्पनी वा संगठित संस्थाको जायज्येथा वा सम्पत्ति वा कोषले सुरक्षण वा जमानतमा लिएको सम्पत्ति आफनो कव्जामा लिन सक्नेछ र त्यसरी कव्जामा लिएको जायजेथा वा सम्पत्ति आफैले राख्न, लिलाम बढाबढ वा बोलपत्र□रा विक्री गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न सक्नेछ ।

(३) उप विनियम (२) बमोजिम सम्वन्धित कम्पनी वा संगठित संस्थाको जाय जेथा कव्जा गरेपछि जायज्येथा बिक्रीबाट उठेको रकमवाट डिवेञ्चरवालाको रकम भुक्तानी गरिने छ र डिवेञ्चरवालाको रकम भुक्तानी गरी कुनै रकम बांकी रहेमा सो रकम कोषले संवन्धित कम्पनी वा संगठित संस्थालाई फिर्ता दिनेछ ।

(४) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कोषले धिता लिएको जायजेथा आफैले सकारी लिएको अवस्था वाहेक कोषले धितो वा कव्जामा लिई विक्री गरेको सम्पत्तिवाट उठेको रकमवाट डिवेञ्चरवालाको सम्पूर्ण रकम चुक्ता हुन नसक्ने भएमा कोषले डिवेञ्चरवालालाई दामासाहिको हिसाववाट रकम भुक्तानी गर्नेछ र कोषको सम्पत्तिवाट त्यस्तो नपुग रकम व्यहोरिने छैन ।

१९छ. <u>कोषले सेवा शुल्क लिने:</u>

(१) कोषले ट्रष्टीकोरूपमा काम गरेबापत सेवा शुल्क वा पारिश्रमिक लिन सक्नेछ । त्यस्तो सेवा शुल्कको रकम कोष र सम्वन्धित कम्पनी वा संगठित संस्थाबीच भएको सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

(२) कोषले डिवेञ्चरवाला वा संम्वन्धित कम्पनी वा संगठित संस्थाको तर्फवाट कुनै काम गर्दा वा यस विनियमावली वमोजिम जायजेथा मूल्यांकन गर्दा वा कव्जा गर्दा वा विक्री वितरण गर्दा लागेको वास्तविक खर्चको प्रकृति र अवस्था हेरी कोषले सम्वन्धित कम्पनी वा संगठित संस्था वा डिवेञ्चरवालासंग असुल गरिलिन सक्नेछ ।

१९ज. <u>कोषलाई डिवेञ्चरवालाको अधिकार हुने :</u>

(१) डिवेञ्चर जारी गर्ने कम्पनी वा संगठित संस्था विघटन भएमा वा अन्य कुनै कारणले कम्पनी वा संगठित संस्थाको सम्पत्ति दामासाही हुने भएमा कोषले डिवेञ्चरवालाको तर्फबाट प्रतिनिधित्व गर्नेछ ।

(२) डिवेञ्चरवालाको सांवा व्याज फिर्ताको निमित्त वा अन्य कुनै कारणवाट डिवेञ्चरवालाको तर्फवाट मुद्दा गर्नुपर्ने अवस्था परेमा कोषले सबै डिवेञ्चरवालाको तर्फबाट सामूहिक वा व्यक्तिगत रूपमा मुद्दा गर्ने अधिकार हुनेछ ।

१९झ. <u>डिवेञ्चर ट्रष्टि उप-समिति</u> :

१) कोषले डिवेञ्चर ट्रष्टी सम्बन्धी सेवाहरू प्रदान गर्ने सम्बन्धमा दक्ष र प्रभावकारी व्यवस्थापनको निमित्त आवश्यक देखिएमा ऐनको दफा ४३ बमोजिम एक ट्रष्ट उप-समिति गठन गर्न सक्नेछ ।

२) उप-समितिको काम कर्तव्य, र अधिकार तथा कार्य क्षेत्र संचालक समितिले तोकिदिए बमोजिम हुनेछ ।

≈परिच्छेद" ३ (ख)

१९ञ **कोषले कस्टोडियनको रूपमा कार्य गर्न सक्ने** :

१) कोषले स्वदेशी वा विदेशी लगानीकर्ताहरूको तर्फबाट उनीहरूले आफैंले जारी गरेको वा उनीहरूको आफ्नै लगानी वा उनीहरूले संचालन गरेका सामूहिक वचत योजना अवकाश कोष तथा लगानी सम्बन्धी कार्यहरूमा लगानी गरी त्यस्को निस्सा स्वरूप प्राप्त हुने वण्ड, धितोपत्र आदिको जिम्मा लिने, नामसारी, दाखिल खारेज, ब्याज वा मुनाफा संकलन तथा तत्सम्बन्धी कार्यहरू गर्नको निमित्त कस्टोडियन भई कार्य गर्न सक्नेछ ।

२) उप विनियम (१) बमोजिम कस्टोडियनको सेवा र शर्तहरू सेवा लिने संगठित संस्था वा व्यक्ति र कोष वीच भएको सम्झौता बमोजिम हुनेछ ।

३) कोषले प्रदान गर्ने कस्टोडियन सम्बन्धी प्रकृयाहरू र कोषका सेवा शर्तहरू कोषले निर्धारण गरे अनुसार हुनेछन् ।

≈ छैठौं संशोधन□रा परिच्छेद नै थप गरिएको ।

परिच्छेद" ४

साधारण सभा तथा संचालक समिति

२०. **साधारण सभामा भाग लिन र मतदान गर्न पाउने अवस्था :**

(१) कोष र आफ्नो बीचमा भएको कुनै शर्त वन्देजको सम्बन्धमा हुने छलफलमा कुनै पनि व्यक्तिले शेयरवाला वा निजको प्रतिनिधिको हैसियतबाट साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैन ।

तर निजलाई आफ्नो व्यहोरा स्पष्ट गर्नसम्म साधारण सभामा उपस्थित हुने मौका दिन सकिनेछ ।

(२) आफूले गरेको वा गर्न छुटाएको कामको जवाफदेही वा आफूलाई नियुक्त गर्ने, कार्यभारबाट मुक्त गर्ने, सरूवा गर्ने, थाम्ने, भत्ता, सुविधा वा वोनस दिने वा घटाउने वा बढाउने वा आफनो सरोकार वा स्वार्थ भएको कुनै विषय वा संझौता करार वा ठेक्का प□का सम्बन्धमा साधारण सभामा हुने छलफलमा कुनै पनि संचालकले मतदान गर्न पाउने छैन ।

(३) किस्ता तलव गरिएको शेयरको किस्ता भुक्तान नगर्ने शेयरवालाले साधारण सभामा मतदान गर्न पाउने छैन ।

२१. **साधारण सभामा मतदान गर्ने अधिकार :**

(१) शेयरवालाको दर्ता कितावमा शेयरवालाको रूपमा नाम दर्ता रहेको व्यक्तिलाई मात्र विनियम १९ को अधिनमा रही साधारण सभामा उपस्थित भई आफूले लिएको प्रत्येक शेयरको एक मतको हिसावले मतदान गर्ने अधिकार हुनेछ ।

(२) उप(विनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मतदानको अधिकार प्राप्त शेयरवालाले साधारण सभामा आफै उपस्थित हुन नसक्ने भएमा निजले आफ्नो प्रतिनिधिद्धारा सभामा भाग लिन तथा मतदान गर्न अनुसूची ७ बमोजिमको ढांचामा दरखास्त लेखी सहीछाप गरी अर्को शेयरवालालाई आफ्नो प्रतिनिधि मनोनित गर्न सक्नेछ ।

(३) साझा गरी आपसमा शेयर लिइएको भएमा त्यस्ता साझेदारहरूले मनोनित गरिएको साझेदारले वा निजहरूले उप" विनियम (२) बमोजिम मनोनित गरको प्रतिनिधि र सो बमोजिम साझेदार मनोनित हुन नसकेमा शेयरवालाको दर्ता किताबमा साझेदारहरूमध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सो साझेदार वा निजले मनोनित गरेको प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

२२. **साधारण सभामा सञ्चालकहरू उपस्थित रहनु पर्ने :**

प्रत्येक साधारण सभामा यथा सम्भव सवै सञ्चालकहरू उपस्थित रहनु पर्नेछ । साधारण सभामा कोषको हिसाब किताब सम्बन्धमा छलफल हुने भएमा वा अन्य कुनै कारणले लेखापरीक्षकको उपस्थिति आवश्यक भएमा लेखापरीक्षकले पनि उपस्थित हुनु पर्नेछ ।

२३. **साधारण सभाको बैधानिकता :**

कुनै साधारण सभाको सम्बन्धमा त्यसको नियमितता वा बैधानिकताको प्रश्न उठेमा ऐनको दफा २१ बमोजिम गण पुरक संख्या पुगेको सभाले सभा संचालन गर्न मन्जुर गरेमा सो साधारण सभा रीतपुर्वक बोलाइएको मानिनेछ ।

२४. **शेयरवावालाको दर्ता किताव उपलव्ध गराईने :**

प्रत्येक साधारण सभामा शेयरवालाको दर्ता किताब शेयरवालाले चाहेमा हेर्न पाउने गरी राखिनेछ ।

२५. **साधारण सभाको छलफल र निर्णय :**

(१) साधारण सभाका सभापतित्व समितिका अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा उपस्थित शेयरवालाहरूले आफू मध्येबाट छानेको व्यक्तिले सभाको सभापतित्व गर्नेछ ।

(२) साधारण सभामा छलफल गरिने सवै विषयहरू प्रस्तावको रूपमा पेश गरिनेछ ।

(३) ऐनको दफा २१ को उपदफा (२) बमोजिम शेयरवालाहरूलाई साधारण सभाको सूचना दिंदा सो साधारण सभामा छलफल गरिने विषय समेत खोली दिनु पर्नेछ र देहायको अवस्थामा बाहेक पहिले नै सुचित नगरिएको विषयमा साधारण सभामा कुनै निर्णय गर्न सकिने छैन ।

(क) ऐन तथा यस विनियमावली बमोजिम साधारण सभामा मतदान गर्न पाउने उपस्थित शेयरवालाहरू मध्ये कम्तिमा तिन खण्डको दुई खण्डले कुनै विषयमा निर्णय लिने पक्षमा मतदान गरेमा वा

(ख) स्थगित भएको कुनै साधारण सभामा छलफलको निमित्त सुचित गरिएको कुनै विषय भएमा ।

(४) मतदान गरिएको प्रत्येक विषयमा ऐनको दफा २१ बमोजिमको गणपुरक संख्या पुगेको सभाको बहुमतको रायलाई सो सभाको निर्णय मानिनेछ र मतदान हुंदा पक्ष र विपक्षका मत बराबर भएमा सभापतित्व गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

तर विशेष प्रस्तावको हकमा गण पुरक संख्याको ६० प्रतिशतले प्रस्तावको पक्षमा मत दिएमा मात्र सो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

२६. **निर्णय पुस्तिका राख्नुपर्ने :**

(१) कोषले प्रत्येक साधारण सभामा भएको काम कारबाही र निर्णयको विवरण एउटा छुट्टै किताव (निर्णय पुस्तिका) मा लेख्न लगाई सो विवरणमा सभापतित्व गर्ने व्यक्ति र सो सभामा उपस्थित एक जना सञ्चालक तथा एक जना शेयरवालाको दस्तखत गराई राख्नु पर्नेछ ।

(२) उप" विनियम (१) बमोजिमको विवरणमा साधारण सभाको सूचना जारी गरिएको तरिका, उपस्थित शेयरवालाहरूको संख्या, उपस्थित शेयरवालाहरूबाट प्रतिनिधित्व भएको जम्मा शेयर मूल्यको प्रतिशत, उपस्थित शेयरवालाहरूमध्ये मतदान गर्न पाउने तथा नपाउने शेयरवालाहरूको सख्या, सभामा भएको निर्णय र निणर्यहरूको लागि मतदान भएकोमा मतदानको परिणाम आदि कुराहरू खुलाइएको हुनु पर्नेछ ।

(३) साधारण सभा भएका १५ दिनभित्र यस विनियम बमोजिम निर्णय पुस्तिकामा लेखिएको विवरण सवै शेयरवालालाई पठाई दिनु पर्नेछ ।

२७. **साधारण सभाको निमित्त कागजात तयार राख्नुपर्ने :**

ऐनको दफा २१ बमोजिम बोलाइएको साधारण सभामा छलफल गरिने लिखत, प्रस्ताव र विवरणहरू सो सभा बस्नु भन्दा कम्तीमा ३५ दिन अगाडि नै तयार गरी कोषको कन्द्रीय कार्यालयमा राख्नु पर्नेछ र कुनै शेयरवालाले माग गरेमा निजलाई त्यसको एक प्रति नक्कल दिनु पर्नेछ ।

२८. **साधारण सभाको विवरण नेपाल सरकारमा पठाउनुपर्ने :**

वार्षिक साधारणसभा भएको ३ दिनभित्र सो सभामा उपस्थित शेयरवालाहरूको संख्या, छलफल गरिएको प्रस्ताव, वासलात तथा नाफा नोक्सानको हिसाब, समिति र लेखापरीक्षकको प्रतिवेदन तथा वासलात साधारण सभाबाट स्वीकृत भए नभएको कुराको विवरण समेत नेपाल सरकारमा पठाउनु पर्नेछ ।

परिच्छेद" ५
विविध व्यवस्था

२९. **सञ्चालकहरूको पारिश्रमिक भत्ता र सुविधा :**

(१) संचालकहरूले बैठकमा भाग लिएबापत पाउने बैठक भत्ता समय समयमा साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(२) कुनै संचालकले कोषमा पुरा समय काम गर्ने भएमा त्यस्तो संचालकले पाउने पारिश्रमिक तथा दैनिक तथा भ्रमण भत्ता समितिले तोकिदिए बमोजिम हुनेछ ।

३०. **कर्मचारीहरूको सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था :**

(१) कोषमा नियुक्त कार्यकारी निर्देशक, सल्लाहकार, अधिकृत र कर्मचारीहरूको पारिश्रमिक सुविधा समितिले तोकिदिए बमोजिम हुनेछ ।

(२) कर्मचारीहरूको सेवा तथा अन्य शर्तहरू नेपाल सरकारको स्वीकृति लिई समितिले तोकिदिए बमोजिम हुनेछ ।

✡३१. **प्राविधिक उपसमितिहरू :**

(१) ऐनको दफा ४३ बमोजिम नागरिक एकांक योजना तथा लगानीकर्ता वचत हिसाब योजनाको दक्ष व्यवस्थापनको निमित्त सञ्चालक समितिले एक न्यासधारी प्राविधिक उप" समिति गठन गर्न सक्नेछ ।

(२) उप" विनियम (१) बमोजिम गठित न्यासधारी प्राविधिक उप" समितिमा संचालक समितिले तोकिदिए बमोजिम अध्यक्ष सहित बढीमा ५ जना सदस्य रहनेछन् र त्यसरी उपसमिति गठन गर्दा कम्तिमा दुई जना सदस्य, वित्त, अर्थ, वाणिज्य वा लेखा वा कानुनमा स्नातक भई पुंजीबजार सम्बन्धी विषयमा अनुभव प्राप्त व्यक्तिलाई र २ (दुई) जना कोषको सम्बन्धित इकाई वा विभागीय प्रमुख मध्यबाट तोक्नु वा नियुक्त गर्नु पर्नेछ ।

(३) उप विनियम (२) बमोजिम गठित न्यासधारी प्राविधिक उप" समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) एकांक तथा वचत योजना अन्तरगतको दायित्व निर्धारण गर्ने र जारी गरिएका एकांक प्रमाण" पत्र समर्थन गर्ने ।

ख) एकांक तथा वचत योजना अन्तरगतको सम्पत्तिको मूल्यांकन गर्ने, हिसाब किताब राख्ने राख्न लगाउने र तीनिहरूको सुरक्षाको व्यवस्था गर्ने ।

ग) एकांक तथा वचत योजनाको हिसाब किताव राख्ने सम्बन्धमा नीति तय गर्ने ।

घ) एकांक तथा वचत योजनामा प्राप्त रकमको लगानी नीति निर्धारण गर्ने र ढांचा तोक्ने ।

ङ) लगानीको निरन्तर अनुगमन गर्ने र मार्ग दर्शन दिने ।

✡ पहिलो संशोधन□रा संशोधन गरिएको ।

च) एकांक तथा वचत योजनाको आय" व्यय तथा आर्थिक विवरणहरू स्वीकृत गर्ने ।

छ) लेखापरीक्षण गराउने र लेखापरीक्षणबाट औल्याइएका वेरूजुहरू नियमित गरी गराई फरफारक गर्ने ।

ज) आम्दानीको बाँडफाँड र लाभांश वितरणको लागि सिफारिस गर्ने ।

झ) प्रगती विवरणहरू प्रकाशित गर्ने ।

ञ) संचालक समितिले तोकिदिएका अन्य कामहरू गर्ने ।

(४) कोषको कार्य सुचारू रूपले संचालन गर्न संचालक समितिले आवश्यकता अनुसार लगानी व्यवस्थापन तथा अन्य प्राविधिक उप" समितिहरू गठन गर्न सक्ने छ ।

५) उप विनियम (४) बमोजिम गठित प्राविधिक समितिको काम कर्तव्य र अधिकार संचालक समितिले तोकिदिए बमोजिम हुनेछ ।

(६) उप नियम (२) र (४) बमोजिम गठित प्राविधिक उप" समितिका सदस्यहरूको पदावधि सेवाको शर्त र पारिश्रमिक तथा सुविधाहरू संचालक समितिले तोकिदिए बमोजिम हुनेछ ।

(७) प्राविधिक उप" समितिको बैठक सम्बन्धित उप" समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ । तर कुल सदस्य संख्याको कम्तीमा दुई तिहाइ सदस्य उपस्थित नभै प्राविधिक उपसमितिको बैठक बस्ने छैन ।

(८) प्राविधिक उप" समितिको बैठक सम्बन्धी कार्यविधि उप" समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(९) प्राविधिक उप" समितिमा छलफल र निर्णय तथा राय सुझावको लागि प्राप्त कुनै विषय उप" समितिका सदस्य वा निजका परिवारका कुनै सदस्यसंग सम्बन्धित भएमा उप" समितिले आफ्नो राय सुझाव पेश गर्दा वा निर्णय गर्दा सो कुरा समेत उल्लेख गर्नु पर्नेछ ।

(१०) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संचालक समितिले कुनै निश्चित विषयमा राय सुझाव पेश गर्दा वा निर्णय गर्दा कुनै कार्यविधी पालन गर्नुपर्ने, अध्ययन वा विश्लेषण गर्ने सम्बन्धमा समेत कुनै निर्देशन दिएको भएमा सोही बमोजिम गर्नु पर्नेछ ।

३२. <u>आन्तरिक कार्यविधि बनाउन सक्ने :</u>

ऐन तथा यस विनियमावलीको अधिनमा रही समितिले आन्तरिक कार्यविधी बनाई लागु गर्न सक्नेछ ।

३३. <u>शपथ लिनुपर्ने :</u>

(१) कोषको प्रत्येक संचालकले अनुसूची ८ बमोजिमको ढांचामा शपथ लिनु पर्नेछ ।

(२) कोषको कार्यकारी निर्देशक, सल्लाहकार, प्राविधिक उपसमितिका सदस्यहरू र अधिकृत तथा कर्मचारीहरूले अनुसूची ९ बमोजिमको ढांचामा शपथ लिनु पर्नेछ ।

(नेपाल राजपत्र भाग १ मिति २०६३।२।४ खण्ड ५६ अतिरिक्ता□ ११ बमोजिम श्री ५ को सरकारलाई नेपाल सरकार गरियो ।)

(अनुसूची १)
(विनियम ५ संग सम्बन्धित)

नागरिक लगानी कोष

शेयर खरिदको लागि आवेदन फाराम
(शेयर खरिद गर्ने दरखास्त फाराम)

मिति :

श्री सचिवज्यू,
संचालक समिति,
नागरिक लगानी कोष
....
...............................।

महाशय,

.... साल .... महिना .... गते प्रकाशित त्यस कोषको विवरणपत्रको शर्तमा र .... दरको शेयर कित्ता .... लिन ईच्छा भएकोले पेश्की वापत रू...................... (अक्षरेपी ....) को भौचर ☐ ड्राफ्ट ☐ चेक यसैसाथ पठाएको छु ☐ छौं । कोषको नियमानुसार मेरो ☐ हाम्रो नाममा शेयर बांडफांड भएमा शेयरको बांकी रूपैया दिन र कोषको नियमानुसार चल्न मञ्जुरी गर्दछ ☐ गर्दछौं ।

दस्तखत :

रकम जम्मा गरेको बैंकको :
नाम :
ठेगाना :
मिति :
बैंकको भौचर ☐ ड्राफ्ट नं. :

नाम :
Name : (Block Letter / Type)
ठेगाना :
टेलिफोन नं. :
बाबुको नाम :
बाजेको नाम :
संरक्षकको नाम :
(नावालकको हकमा)

(अनुसूची २)
नागरिक लगानी कोष (विनियम ७ संग सम्बन्धित)

शेयर प्रमाण पत्र नं. ....

शेयर प्रमाण" पत्र ।

शेयर प्र.प.नं.	...............................बस्ने श्री ....
शेयर नं ....देखि	ले यस कोषको नं .... देखि ....
शेयरवालाको नाम:	सम्मको अंकित मूल्य प्रतिशेयर रू.१००। दरको जम्मा
शेयरवालाको ठेगाना	.... कित्ता शेयर ग्रहण गर्नु भई तल उल्लेख
शेयर दर्ता मितिः	गरिएअनुसार भुक्तान गर्नुभए बापत कोषको छाप
शेयरवालाको लगत किताबमा दर्ता	लागेको यो प्रमाणपत्र दिइएको छ ।
भएको संकेत नं:	
प्रमाण पत्र पाउने शेयरवालाको सहि	भुक्तानी मूल्य :
छाप वा भरपाई :	प्रतिशत :

....	....	....
सञ्चालक	अध्यक्ष	सञ्चालक

शेयर दर्ता मिति :

द्रष्टव्य : आंशिक रूपमा शेयर दाखेल खारेज गर्दा पछाडिको पेजमा उल्लेखित विवरण कोषले भर्नु पर्नेछ ।

शेयर दाखेल खारेज विवरण

सि.नं	दाखेल खारेज गरी लिने व्यक्तिको नाम र ठेगाना	दाखेल खारेज गरिएको शेयर संख्या	दाखेल खारेज गरी वांकी रहेको शेयर संख्या			मिति	कोषको सम्बन्धित अधिकारीको दस्तखत
			शेयर संख्या	देखि	सम्म		

(अनुसूची ३)
फा.नं १
(विनियम ८(१) संग सम्बन्धित)

शेयर धितो वन्धक लिनेले कोषमा पेश गर्नुपर्ने दरखास्त

श्री सचिवज्यू,
नागरिक लगानी कोष
....
....

महोदय,

....वस्ने श्री .... को नाममा दर्ता भईरहेको त्यस कोषको अंकित मूल्य प्रति शेयर रू.१००।" दरको सि.नं................देखि ....सम्म जम्मा.................कित्ता शेयरको रू..................(अक्षरेपी ....) मैले □ हामीले मिति ....मा निज □ निजहरूलाई बुझाई सो शेयरहरू बन्धक लिएको हुनाले लिखतको एक प्रति र शेयरको प्रमाण" पत्र समेत राखी दरखास्त गर्न आएको छु □ छौं । सो शेयरहरू वन्धक लिएको कुरा त्यस कोषको श्रेस्तामा जनाई दिनुहुन अनुरोध गर्दछु □ गर्दछौं ।

भवदीय,

सहि :
नाम :
बावुको नाम:
बाजेको नाम :
ठेगाना :

(अनुसूची ३)
फा.नं. २
(विनियम ८ (१) संग सम्बन्धित)

मिति :

<u>शेयर धितो बन्धक राख्नेले गरी दिने लिखत</u> ।

लिखितम .... बस्ने म □ हामी श्री .... को नाममा दर्ता रहेको नागरिक लगानी कोषको सि.नं................देखि................सम्मको जम्मा ....कित्ता शेयर.................................बस्ने श्री..लाई आज मिति ....मा धितो बन्धक राखी रू............................. (अक्षरेपी .... बुझीलिई यो लिखत गरी दिएं । उक्त शेयर मैले □ हामीले ....सम्ममा तपाई □ तपाईहरूलाई फिर्ता नदिएमा यस लिखत□रा तपाई □ तपाईहरूले आफ्नो नाममा शेयर दर्ता गराई लिएमा कुनै उजुर बाजुर गर्ने छैन भनी तपशिलमा लेखिएका साक्षीहरूको रोहवरमा यो लिखत गरी दिएं □ दियौं ।

<u>धितोवन्धक दिनेको</u>

सही :
नाम :
ठेगाना :
बाबुको नाम :
बाजेको नाम :

साक्षी :
....

१.
२.

<u>धितो वन्धक राख्ने</u>

शेयरवाला □ शेयरवालाहरूको
सही :
नाम :
ठेगाना :
बाबुको नाम :
बाजेको नाम

साक्षी :
....

१.
२.

(अनुसूची ४)
फा.नं. १
(विनियम ८ (२) (क) संग सम्बन्धित)

<u>शेयर खरीद गर्नेले दाखेल खारेज गर्न कोषमा दिने दरखास्त ।</u>

मिति :

श्री सचिवज्यू,
नागरिक लगानी कोष,
....
.... ।

महोदय,

...............................बस्ने श्री..को नाममा दर्ता रहेको त्यस कोषको अंकित मूल्य प्रति शेयर रू.१००।" रहेको सि.नं................देखि.....................सम्म जम्मा मूल्य रू.........................(अक्षरेपी...) निज र निजहरूले बुझी लिई मिति .... देखि सो शेयरहरूमा निज □ निजहरूले आफ्नो हक छाडी म □ हामीलाई लिखत गरी दिएको र मर हामीले पनि सोही मितिदेखि त्यसमा हुने नाफा नोक्सान ब्यहोर्ने कबुल गरेको हुनाले तत्सम्बन्धी लिखतको एक प्रति र शेयरको प्रमाण" पत्र समेत राखी दरखास्त गर्न आएको छु □ छौं । सो शेयरहरू मेरो □ हाम्रो नाममा दर्ता गरी दिनुहुन अनुरोध गर्दछु □ गर्दछौं ।

भवदीय,

सही :
नाम :
ठेगाना :
बाबुको नाम :
बाजेको नाम :

(अनुसूची ४)
फाराम नं. २
(विनिमय ८ (२) (क) संग सम्बन्धित)

शेयर बिक्री गर्नेले गरिदिने लिखत ।

लिखितम्......................................बस्ने म □ हामी श्री.................................... को नाममा दर्ता रहेको नागरिक लगानी कोषको सि.नं. .... देखि ....सम्मको जम्मा....................कित्ता शेयर....................................... बस्ने श्री... लाई आज मिति.........................का दिन प्रति शेयर रू. .... का दरले बिक्री गरी जम्मा रू...................... (अक्षरेपी ....) बुझीलिई आजका मितिदेखि भोग चलन गर्न पाउने गरी यो राजीनामा लिखत गरी दिए □ दियौं । उक्त शेयर तपाई □ तपाईहरूको नाममा नागरिक लगानी कोषबाट नामसारी दर्ता गराई आफ्नो ईच्छाअनुसार भोग चलन गर्नु होला । कथंकदाचित् उक्त शेयर तपाईको नाममा नामसारी हुन नसके वा कुनै कारणवस कच्चा ठहरे मैले बुझी लिएको रकम प्रचलित कानुन बमोजिम मेरा □ हाम्रो जायजेथाबाट समेत असुलउपर गरी लिनुहोला भनी मेरो □ हाम्रो मनोमानी खुशी राजीसंग तपशिलमा लेखिएको साक्षीहरूको रोहवरमा यो लिखत गरी दिएँ □ दियौं ।

शेयर खरिद गर्नेको	शेयर बिक्री गर्नेको
सही :	सही :
नाम :	नाम :
ठेगाना :	ठेगाना :
बाबुको नाम :	बाबुको नाम :
बाजेको नाम :	बाजेको नाम :
साक्षी	साक्षी
१.	१.
२.	२.

(अनुसूची ४)
(फा.नं. ३)
(विनियम ८ (२) (ख) संग सम्बन्धित)

खरीद बिक्री बाहेक अन्य प्रकारबाट हक छोडीदिनेले दाखेल खारेज गर्न कोषमा दिने दरखास्त

मिति :

श्री सचिवज्यू,
नागरिक लगानी कोष
....
....

महोदय,

.... बस्ने श्री .... को नाममा दर्ता रहेको त्यस कोषको अंकित मूल्य प्रति शेयर रू. १००।" रहेको सि.नं.................. देखि ....सम्म जम्मा.....................कित्ता शेयर मिति........................मा निज □ निजहरूले .... बस्ने म □ हामी श्री .... लाई चन्दा □ दान अंशबण्डा बापत छोडपत्र लिखत गरी उक्त शेयर म □ हामीलाई आफ्नो ईच्छा अनुसार भोग चलन गर्न दिनुभएको हुंदा तत्सम्बन्धी लिखतको एक प्रति र शेयरको प्रमाण" पत्र समेत राखी दरखास्त गर्न आएका छौं । सो □ सो शेयरहरू मेरो □ हाम्रो नाममा दर्ता गरी दिनुहुन अनुरोध गर्दछु □ गर्दछौं ।

भवदीय,

सही :
नाम :
ठेगाना :
बाबुको नाम :
बाजेको नाम :

(अनुसूची ४)
(फा.नं. ४)
(विनियम ८ (२) (ख) संग सम्बन्धित)

खरीद बिक्री बाहेक अन्य प्रकारबाट शेयरको हक छाड्नेले गरिदिने लिखत ।

लिखितम् आगे...बस्ने म □ हामी श्री .... को नाममा दर्ता रहेको त्यस कोषको अंकित मूल्य रू.१००।" दरको सि.नं............. देखि.............सम्म जम्मा..................कित्ता शेयर आज मिति....................का दिन ... . बस्ने श्री ....लाई चन्दा □ दान □ अंश बापत मेरो □ हाम्रो नाममा दर्ता रहेको वा मेरो हाम्रो हक पुग्ने उक्त शेयर मेरो □ हाम्रो खुसी राजीसंग देहायको साक्षीहरूको रोहवरमा यो छोडपत्र लिखित गरिदिएं । उक्त शेयर आफ्नो नाममा नागरिक लगानी कोषबाट नामसारी दर्ता गराई इच्छाअनुसार भोग चलन गर्नुहोला ।

हक छोडाई लिनेको

दस्तखत :
नाम :
ठेगाना :
बाबुको नाम :
बाजेको नाम :

साक्षी
१.
२.

हक छाडी दिनेको

दस्तखत :
नाम :
ठेगाना :
बाबुको नाम :
बाजेको नाम :

साक्षी
१.
२.

(अनुसूची ५)

नागरिक लगानी कोष
दाखिल खारेज पुस्तिका

शेयरवालाको नाम :
ठेगाना :
बाबुको नाम :
बाजेको नाम :
पति□पत्नीको नाम :

शेयर दर्ता मिति	दर्ता किसिम	शेयर प्र.प. नं.	क्रम संख्या		शेयर कित्ता	शेयर बिक्रेता वा हक छोडी दिनेको नाम र फोन नं.	शेयर खारेज मिति	खारेज किसिम	शेयर प्र.प. नं.	क्रम संख्या		शेयर खरिदकर्ता वा हक प्राप्त गर्नेको नाम र फोन नं.	बाँकी मौज्दात			विशेष कुरा	कैफियत
			देखि	सम्म						देखि	सम्म		देखि	सम्म	कित्ता		

द्रष्टव्य

१. शेयर दर्ता किसिम र खारेज किसिम महलहरूमा शेयर कुन प्रकारबाट दर्ता वा खारेज हुन गएको हो सोको व्यहोरा ।

२. विशेष कुरा महलमा शेयर खरिद गर्दा वा नामसारी गर्दा वा कुनै पनि समयमा शेयर संचालन वा हकवाला वा शेयर सम्बन्धी अन्य कुनै व्यहोरा शेयरवाला वा अधिकार प्राप्त अधिकारी वा अदालतबाट भएको आदेश वा निर्देशन वा निर्णयको व्यहोरा उल्लेख गर्ने ।

(अनुसूची ६)

नागरिक लगानी कोष
शेयर दर्ता किताब

सि.नं.	शेयरवालाको नाम र ठेगाना	बाबुको नाम	बाजेको नाम	शेयरवालाको रूपमा दर्ता मिति	शेयर कित्ता	शे. प्र.प. नं.	शेयर क्र. सं.		शेयरको चुक्ता भुक्तानी मूल्य	शेयर दर्ता खारेज भएको मिति	शेयर दर्ता खारेज भई नयाँ दर्ता भएको शेयरवालाको		विशेष कुरा	कैफियत
							देखि	सम्म			सि.नं.	फो.नं.		

द्रष्टव्य

१. विशेष कुरा महलमा शेयर खरिद गर्दा वा नामसारी गर्दा वा कुनै पनि समयमा शेयर संचालन वा हकवाला वा शेयर सम्बन्धी अन्य कुनै व्यहोरा शेयरवाला वा अधिकार प्राप्त अधिकारी वा अदालतबाट भएको आदेश वा निर्देशन वा निर्णयको व्यहोरा उल्लेख गर्ने ।

(अनुसूची ७)
(विनियम २१ (२) संग सम्बन्धित)

नागरिक लगानी कोष

<u>प्रतिनिधि नियुक्त गर्ने फाराम ।</u>

मिति :

.... बस्ने म □ हामी .... ले ....को शेयरवालाको हैसियतले .... मिति मा हुने साधारण सभा र त्यसको सिलसिलामा हुने बैठकहरूमा मेरा □ हाम्रो प्रतिनिधित्व गरी मतदान दिन ....बस्ने श्री .... लाई नियुक्त गरेको छु □ छौं ।

सही :
नाम :
श्री .... को
(दस्तखत नमुना)

ठेगाना :
शेयर प्रमाण पत्र नं. :
शेयर कित्ता :

(अनुसूची ८)
(विनियम ३३ (१) संग सम्बन्धित)

शपथग्रहण फाराम ।

म .... यस नागरिक लगानी कोषको सञ्चालक समितिको .... पदमा नियुक्त भएको हुनाले सो सञ्चालक समितिको .... पदको कर्तव्य इमान्दारी साथ पालना गर्नेछु र नागरिक लगानी कोषको हितलाई समेत ध्यानमा राख्नेछु । कोषको कारोबार तथा गोप्य राख्नुपर्ने कुराहरू प्रकाश गर्ने छैन, तथा सञ्चालक समितिले अधिकार दिएको र कानूनले बाध्य गरेको अवस्थाहरूमा बाहेक सञ्चालक समितिको .... हुनाको नाताले मेरो जानकारीमा आएका काम कुराहरू आफ्नो पदमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले समेत केही प्रकाश गर्ने छैन भनी ईमान धर्म सम्झी शपथ ग्रहण गर्दछु ।

दस्तखत :

नाम :

मिति :

(अनुसूची ९)
(विनियम ३३ (२) संग सम्बन्धित)

शपथ-ग्रहण फाराम

म ....को नाती .... को छोरा .... वर्ष ....को ....अन्चल .... जिल्ला .... वडामा वस्ने ....नाम भएको व्यक्ति ईश्वर साक्षी राखी यो शपथ" ग्रहण गर्दछु कि नागरिक लगानी कोषको कार्यकारी निर्देशक□सल्लाहकार□प्राविधिक उप" समितिको सदस्य र अधिकृत कर्मचारीको हैसियतले मलाई तोकिए बमोजिमको काम मेरो बुद्धि र विवेकले जाने बुझेसम्म इमान धर्म सम्झी देश नरेश र यस कोषको मुलभुत उद्देश्य प्रति कर्तव्य परायण भई भय पक्षपात तथा रिस राग □ष नराखी लोभ लालचा र मुलाहिजामा नपरी प्रचलित ऐन कानून र यस कम्पनीको नियम बमोजिम पालन गर्नेछु ।

यस कोषको कर्मचारीको हैसियतले काम गर्दाको अवधिमा मलाई ज्ञात हुन आएको यस कोषको कुनैपनि काम सम्बन्धी गोप्य कुरा सम्बन्धित अधिकृत कर्मचारीलाई बाहेक अरू कसैलाई यस कोषको सेवामा वहाल रहेमा वा नरेहको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भन्ने वा संकेत गर्ने छैन ।

मेरो समक्ष शपथ ग्रहण गरेको ठीक हो
भनी दस्तखत गर्ने कोषको अध्यक्ष□अधिकृत

दस्तखत

....
मिति :

दस्तखत :
नाम :
पद :
मिति:

(**अनुसूची ९**)
(विनियम ३३ (२) संग सम्बन्धित)

<u>शपथ-ग्रहण फाराम</u>

म ....को नाती .... को छोरा .... वर्ष ....को ....अन्चल ....जिल्ला.......................वडामा वस्ने .... नाम भएको व्यक्ति इश्वर साक्षी राखी यो शपथ ग्रहण गर्दछु कि नागरिक लगानी कोषको नागरिक एकांक योजना न्यासधारी प्राविधिक उपसमितिको सदस्यको हैसियतले मलाई तोकिए बमोजिमको काम मेरो बुद्धि र विवेकले जाने बुझेसम्म इमान धर्म सम्झी देश नरेश र यस कोषको मुलभुत उद्देश्य प्रति कर्तव्य परायण भई भय, पक्षपात तथा रिस राग नराखी लोभ लालचा र मुलाहिजामा नपरी प्रचलित ऐन कानुन र यस कम्पनीको नियम बमोजिम पालन गर्नेछु ।

यस कोषको कर्मचारीको हैसियतले काम गर्दाको अवधिमा मलाई ज्ञात हुन आएको यस कोषको कुनै पनि काम सम्बन्धी गोप्य कुरा सम्बन्धित अधिकृत कर्मचारीलाई बाहेक अरू कसैलाई यस कोषको सेवामा वहाल रहेमा वा नरेहको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भन्ने वा संकेत गर्ने छैन ।

मेरो समक्ष शपथ ग्रहण गरेको ठीक हो
भनी दस्तखत गर्ने कोषको अध्यक्ष अधिकृत

दस्तखत

....
मिति :

दस्तखत :
नाम :
पद :
मिति: